**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ अक्तूबर २०२६

समयः १५:४५ – १५:५५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

**●प्रधानमन्त्री नरेन्द्र मोदीले लद्दाखमा तीन हजार तीन सय करोड़ रुपियाँभन्दा बढीका पाँच प्रमुख विकास परियोजनाहरूको शुभारम्भ गर्नुभयो।**

**●सर्वोच्च न्यायालयले भनेको छ- इस्लाम धर्म अपनाउने हिन्दूहरूले पछौटे वर्गको आरक्षणको लाभ लिन सक्ने छैनन। मद्रास उच्च न्यायालयको आदेशलाई यथावत राखेको छ।**

**●गृहमन्त्री अमित शाहले नक्सलवादबाट प्रभावित जनजातीय समुदायको उत्थानका लागि सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ। श्री शाहले दिव्यांगजनलाई सहायक उपकरण वितरण गर्नुभयो।**

**●रक्षामन्त्री राजनाथ सिंहले भन्नुभएको छ - विगत 13 वर्षमा भारतको रक्षा निर्यात छह सय 86 करोड़ रुपियाँबाट बढेर 38 हजार करोड रुपियाँ पुगेको छ।**

**●हिमालय क्षेत्रकोहरु माथिल्लो भागमा मौसमको पहिलो हिमपात भएको छ। हरियाणा, चण्डीगढ, पञ्जाब र दिल्लीमा मूसलाधारे वर्षा हुने अनुमान गरिएको छ।**

**●भारतीय पहलवान विश्वजीत रामचन्द्र मोरेले लास वेगासमा आयोजित अन्डर-23 विश्व च्याम्पियनसिपको ग्रीको-रोमन फाइनलमा रजत पदक जितेर इतिहास रचेका छन्।**

**<u>प्रधानमंत्री- लद्दाख परियोजनाएं</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले  भन्नुभएको छ लद्दाखको विकास केन्द्र सरकारको प्रमुख प्राथमिकता हो।श्री मोदीले लद्दाखमा लगभग तीन हजार तीन सय पचास करोड़ रुपियाँका पाँच प्रमुख विकास परियोजनाहरूको वर्चुअल माध्यमले शुभारंभ गर्नेक्रममा यो कुरा भन्नुभयो।प्रधानमन्त्रीले भन्नुभयो यी परियोजनाहरूले लद्दाखमा संपर्क सुविधालाई बलियो बनाउनेछ।  <u>*बाईट*</u>
यी परियोजनाहरूमा लेह स्थित कुशोक बकुला रिम्पोची विमानस्थलमा नयाँ यात्री टर्मिनल, 9 मेगावाटको हनु लघु पनबिजली परियोजना र 66 किलोवाटको डबल-सर्किट दाह-हनु-खालत्सी ट्रांसमिशन लाइन, तथा लेहको सिन्धु घाटमा भारतको पहिलो पेट्रोग्लिफ संरक्षण पार्क र हिम सरोवर परियोजना अन्तर्गत 40 गाउँहरूमा विकसित 40 जलाशयहरूको उद्घाटन सामेल छन्।
प्रधानमन्त्रीले यी परियोजनाहरूको शुभारंभलाई लद्दाखको प्रगति तथा विकासमा एक अर्को अध्याय बताउनुभयो। उहाँले भन्नुभयो लद्दाख केन्द्र शासित प्रदेश बनेदेखि यसको विकास आवश्यकताहरूमा बढी ध्यान दिइएको छ।प्रधानमन्त्रीले केन्द्र सरकारले लद्दाखको युवा पुस्तालाई विशेष ध्यान दिइरहेको बताउनुभयो। श्री मोदीले भन्नुभयो लद्दाखको नयाँ खेल नीतिको  माध्यमले खेल प्रतिभालाई बढ़ावा दिने प्रयास भइरहेको छ।श्री मोदीले लद्दाखमा ग्रीन हाउस खेतीलाई पनि बढावा दिइएको बताउनुभयो। उहाँले भन्नुभयो यस क्षेत्रमा अहिले 11 हजार ग्रीन हाउस छन् जसले किसानहरूलाई आय बढाउने नयाँ अवसरहरू सिर्जना गर्दछ।

**<u>सर्वोच्च न्यायालय - मुस्लिम धर्मांतरण</u>**

सर्वोच्च न्यायालयले हिन्दू धर्मबाट इस्लाम वा अन्य गैर-हिन्दू धर्ममा धर्मांतरण गर्ने व्यक्ति पछौटे वर्ग अन्तर्गत आरक्षणको स्वतः दाबी गर्न नसक्ने आदेश दिएको छ।मद्रास उच्च न्यायालयको निर्णय विरुद्ध तमिलनाडु सरकारको याचिका खारेज गर्दै न्यायाधीश प्रशान्त कुमार मिश्रा र न्यायाधीश चन्द्रशेखरको पीठले धर्मांतरण पछि पहिलेको सामाजिक पछौटेपनलाई अगाडि बढाउन नसकिने बताएको छ।सर्वोच्च न्यायालयले गैर-हिन्दू सामाजिक व्यवस्थामा धर्मांतरणले स्वतः अधिसूचित पछौटे वर्ग समुदायको सदस्यता प्रदान गर्दैन भनी बताएको छ।न्यायालयले संविधानको अनुच्छेद 16 (4) अन्तर्गत वैधानिक लाभ केवल व्यक्तिको धर्मांतरण-हुनुभन्दा पहिलेको स्थितिको आधारमा प्रदान गर्न नसकिने ठहर गऱ्यो।न्यायालयले दोहोऱ्याएको छ कि हिन्दू, सिख वा बौद्ध धर्म बाहेक अन्य कुनै पनि धर्म मान्ने व्यक्तिले अनुसूचित जातिको दर्जा गुमाउँछ।

**सर्वोच्च न्यायालय- राहुल गांधी**

सर्वोच्च न्यायालयले मतदाता सूचीको विशेष पुनरीक्षण-एस.आई.आर. मा भएको कथित अनियमिततालाई लिएर कांग्रेस नेता राहुल गान्धी, समाजवादी पार्टीका प्रमुख अखिलेश यादव र अन्यलाई अदालतसम्म मार्च गर्ने विषयमा नोटिस जारी गरेको छ। न्यायालयले कसैले पनि न्यायपालिकालाई दबाब दिन नसक्ने टिप्पणी गरेको छ।न्यायालयले एस.आई.आर. प्रक्रियामा ठूलो मात्रामा मतदाताहरूको नाम मेटाइएको र अनियमितता भएको आरोपलाई लिएर राहुल गान्धी तथा अन्य विपक्षी नेताहरूले लगाउँदै दायर गरेको छुट्टाछुट्टै याचिकामामा निर्वाचन आयोग, प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमार र निर्वाचन आयुक्त सुखबीर सिंह सन्धु र विवेक जोशीसँग पनि जवाफ मागेको छ।

**शाह-जनजातीय सहायता**

गृहमन्त्री अमित शाहले भन्नुभएको छ सरकारले छत्तीसगढकमा नक्सलवादका कारण दिव्यांग भएका जनजातीय मानिसहरुलाई कृत्रिम अंग र अन्य सहयोग उपलब्ध गराईरहेको छ, ताकि उनीहरूले राम्रो जीवन बिताउन सकून्।श्री शाहले सेवा संकल्प अभियान अन्तर्गत भिडियो कन्फरेन्सङको माध्यमले छत्तीसगढमा दिव्यांगजनलाई व्य सहायक उपकरण वितरण गर्ने कार्यक्रमलाई सम्बोधन गर्दै यो कुरा बताउनुभयो।

गृहमन्त्रीले भन्नुभयो नरेन्द्र मोदी सरकारले यस वर्ष 31 मार्च सम्ममा देशबाट नक्सलवाद समाप्त गर्ने दृढ़ संकल्प गरेको थियो। उहाँले अब देशबाट नक्सलवाद समाप्त भएकोमा सन्तुष्टि व्यक्त गर्नुभयो। *बाईट*

**पंजाब बन्द**

पञ्जाबमा मंगलबार मानसामा लागूऔषध विरोधी कार्यकर्ता परविन्दर सिंह झोटाको दिउँसो भएको हत्या र राज्यमा व्याप्त लागूऔषधको विरोधमा गरिएको बन्दको मिश्रित प्रतिक्रिया आइरहेको छ। राज्यका धेरै भागहरूमा बजार बन्द छन्। चण्डीगढ र मोहाली सहित पंचकुला जोड्ने धेरै मुख्य र आन्तरिक सडकहरू अवरुद्ध छन्। पुलिसले कानून व्यवस्था र शान्ति कायम राख्न आवश्यक व्यवस्था मिलाएको छ।

**राजनाथ - रक्षा सम्मेलन**

रक्षामन्त्री राजनाथ सिंहले भन्नुभएको छ भारतले लगभग 100 देशहरूमा स्वदेशी रक्षा उत्पादहरू निर्यात गरिरहेको छ।उहाँले भन्नुभयो ,भारतको रक्षा निर्यात 2013-14 मा केवल 686 करोड रुपियाँबाट बढेर 2025-26 मा 38 हजार करोड रुपियाँ पुगेको छ।श्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा आयोजित रक्षा सम्मेलनमा यो कुरा बताउनुभएको हो।उहाँले भन्नुभयो भारतले गोला बारुदका मामिलामा 90 प्रतिशतभन्दा बढी आत्मनिर्भरता हासिल गरिसकेको छ। उहाँले भन्नुभयो भारतीय सशस्त्र बल कुनै पनि चुनौतीको सामना गर्न पूर्ण रूपमा तयार छ। *बाईट*

रक्षामन्त्रीले भन्नुभयो अपरेशन सिन्दूर, बालाकोट, एयर स्ट्राइक र सर्जिकल स्ट्राइक केवल सैन्य कारबाही थिएनन् तर यसले कूटनीतिक निन्दाबाट सक्रिय कारबाहीमा राष्ट्रको दृष्टिकोणमा निर्णायक परिवर्तनलाई दर्शायो। श्री सिंहले सीमापार आतंकवादमा भारतको अडान दोहोऱ्याउँदै भन्नुभयो पाकिस्तानबाट हुने कुनै पनि आतंकवादी गतिविधिलाई अझ कडा जवाफ दिइनेछ।

**विदेश मंत्री**

विदेशमन्त्री डा. एस. जयशंकरले भन्नुभएको छ परिवर्तनशील विश्वव्यापी व्यवस्थालाई ध्यानमा राख्दै देशहरूले अब आफ्नो विशिष्ट परिस्थिति अनुसार कदम चालिरहेका छन् र नयाँ साझेदारी र नयाँ विकल्पहरूको खोजी गरिरहेका छन् ।उहाँले भन्न भयो विगत एक दशकमा भारत-सयुंक्त अरब अमीरात साझेदारी यस दिशामा गरिएका प्रयासहरूको उत्कृष्ट उदाहरण हो।डा. जयशंकरले अबुधाबीमा आयोजित रायसिना पश्चिम एसिया कार्यक्रमको एक सत्रमा यो कुरा बताउनु भएको हो।

**भारत-संयुक्त राष्ट्र पाकिस्तान**

भारतले राष्ट्रसंघको मानव अधिकार कार्यालयसित सोधेको छ कि, उसले पाकिस्तानको कब्जामा रहेको कश्मीरको स्थितिसित सम्बन्धी चिंताहरुको समाधानका लागि पाकिस्तान द्वारा उठाईएको कदमहरू, बारे रिपोर्ट कहिले जारी गर्नेछ। यसमा हत्याको जांच र इन्टरनेट सुविधामाथि लगाईएका प्रतिबन्धहरु सामेल छन्।भारतले राष्ट्र-संघ मानव अधिकार उच्चायुक्तको कार्यालयलाई अत्यधिक छनौटपूर्ण दृष्टिकोण अपनाएको आरोप लगाएको छ। भारतले, केही देशहरूमा विरोध प्रदर्शन प्रति कार्यालयको प्रतिक्रियाले दोहोरो मापदण्डलाई दर्शाएको र बहुपक्षीय संस्थानहरूमाथिको विश्वासलाई कमजोर बनाउने बताएको छ।राष्ट्र संघको तेस्रो समितिको 81औं सत्रमा हिजो मानव अधिकार उच्चायुक्तसितको संवाद अवधि राष्ट्र संघका लागि भारतको स्थायी मिशनका प्रथम सचिव अनुज स्वरूपले यो कुरा बताउनु भएको हो।

**मौसम**

मौसम विभागले आज हरियाणा, चण्डीगढ, पञ्जाब र दिल्लीमा मूसलधारे वर्षा हुने पूर्वानुमान गरेको छ।21 तारिखसम्म केरलम, माहे, तमिलनाडु, पुडुचेरी र कराईक्कलमा पनि भारी वर्षा हुने अनुमान गरिएको छ। यसैबीच, आज जम्मू कश्मीर र हिमाचल प्रदेशमा हिमपात भएको छ, जसले गर्दा तापमान घटेको छ। जम्मू कश्मीरको डोडा जिल्लाको उच्च उचाइका क्षेत्रहरूमा सिजनको पहिलो हिमपात भएको छ। आज दिउँसो राष्ट्रिय राजधानी क्षेत्र र दिल्लीका धेरै क्षेत्रमा हल्कादेखि भारी वर्षा भयो।

**एसपीओ - भारत - कुश्ती**

भारतीय पहलवान विश्वजीत रामचन्द्र मोरले अंडर-23 विश्व कुस्ती च्याम्पियनसिपको ग्रीको-रोमन फाइनलमा रजत पदक जितेर इतिहास रचेका छन्। अमेरिकाको लस वेगासमा आज पुरुषहरुको 55 किलो भार वर्गको रोमाञ्चक फाइनलमा विश्वजितले जर्जियाका कोबा कारूमिद्जेसित 12-13 को मामुली अन्तरले पराजयको सामना गर्न पर्यो ।